# नेपाल सरकार
# रक्षा मन्त्रालय

## सुरक्षा जर्नल २०८२ वर्ष ६ अङ्क १ को लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना

रक्षा मन्त्रालयबाट चालु आ.व. २०८२/०८३ मा सुरक्षा जर्नल वर्ष ६ अङ्क १ प्रकाशन गर्न लागेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छौं। इच्छुक महानुभावहरूले देहायमा उल्लेखित आधारभूत शर्तहरूको अधिनमा रहेर लेख/रचना तयार गरी २०८२ साल कार्तिक १५ गतेसम्म यस मन्त्रालयको इमेल ठेगानामा (info@mod.gov.np) Soft Copy प्राप्त हुने गरी उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

### *लेख/रचनामा हुनुपर्ने आधारभूत शर्तहरू*

१. सुरक्षा जर्नलमा प्रकाशित हुने लेख रचनाका प्राथमिकताको विषयक्षेत्रहरू:
   - राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षा र प्रतिरक्षा,
   - शान्ति स्थापना, सुरक्षा कुटनीति, सुरक्षा निकाय र नागरिक सम्बन्ध,
   - विपद् र सुरक्षा, सीमा व्यवस्थापन, सुरक्षा र विकास,
   - सूचना प्रविधि, आर्टिफिसियल ईन्टेलिजेन्स (Artificial Intelligence) र साइबर सुरक्षा,
   - आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय लगायत सर्वाङ्गिण मानवीय सुरक्षा
   - नेपालमा शान्ति सुरक्षाको विकासक्रम/ऐतिहासिक चित्रण,
   - सुरक्षा व्यवस्थापनमा नवप्रवर्तन (Innovation),
   - सुरक्षा व्यवस्थापनमा अन्तर्राष्ट्रिय असल अभ्यास लगायत।

२. लेख/रचना नेपाली वा अङ्ग्रेजी भाषामा लेखिएको हुनुपर्नेछ। लेख/रचना नेपालीमा भए नेपाली युनिकोडको कालिमाटी फन्ट ११ र अंग्रेजीमा भए Times New Roman फन्ट १२ साइजमा Microsoft Word मा तयार गर्नुपर्नेछ।

   क. नेपाली भाषामा लेखिने लेख रचनामा समावेश गर्नु पर्ने Key Headings:
   - शीर्षक
   - लेखसार
   - शब्दकुञ्जी
   - विषय सन्दर्भ
   - मुख्य खण्ड/विश्लेषण
   - सुझाव/निष्कर्ष
   - सन्दर्भ सामग्री (पुष्ट्याईको लागि Inside text citation पनि समावेश गर्ने)

ख. अंग्रेजी भाषामा लेखिने लेख रचनामा समावेश गर्नु पर्ने Key Headings:

- Title
- Abstract
- Key Words
- Context
- Main Body ( Analysis/Discussions)
- Findings/Conclusion
- References
    - APA 7th Format मा हुनुपर्ने
    - Inside text citation {Example Only: Nepal's geostrategic challenges are unique in the world as it is located between two of the largest and rising powers (Subedi, 2010).}
    - References (Example only):

Subedi, S. P. (2010). *The challenges to the national security of Nepal and the role of international law and foreign policy*. Nepal Institute for Policy Studies (NIPS).

३. लेख/रचना मौलिक हुनुका साथै कुनै पनि जर्नल, पत्रपत्रिका र विद्युतीय माध्यममा पूर्वप्रकाशित नभएको हुनुपर्नेछ।

४. प्राप्त लेख/रचनाको बौद्धिक चोरी परिक्षण (Plagiarism Check) गरिनेछ। यसको परिक्षणमा असफल भएका लेख/रचनालाई समावेश गरिनेछैन।

५. कुनै व्यक्ति, समुदाय, सम्प्रदाय वा संस्कृति विशेषको प्रतिष्ठामा आँच पुग्ने, कुनै राजनीतिक विचारप्रति प्रत्यक्ष झुकाव राख्ने र राष्ट्रिय सुरक्षालाई खलल पुऱ्याउने लेख/रचना समावेश गरिनेछैन।

६. लेख/रचनामा उल्लिखित सूचना, तथ्याङ्क, विश्लेषण र उल्लेख गरिएका धारणा र सोको स्रोतप्रति लेखक स्वयं जिम्मेवार र जवाफदेही हुनुपर्नेछ।

७. लेख प्रकाशित भएपछि लेखकलाई लेख रचना वापतको पारिश्रमिक रु. ४५००।- (कर सहित) र सुरक्षा जर्नल उपलब्ध गराइनेछ ।

८. अनुसन्धानमूलक लेख ग्राफ, रेखाचित्र, तालिका आदि सहित कम्तीमा ३५०० शब्द र अधिकतम ५००० शब्दभित्र सीमित रही तयार गरिएको हुनुपर्नेछ।

९. प्रकाशनका लागि प्राप्त लेख/रचना स्वीकृत वा अस्वीकृत गर्ने र आवश्यकता अनुसार सम्पादन गर्ने अधिकार सम्पादक मण्डलमा रहनेछ। सम्पादक मण्डलको निर्णय नै अन्तिम हुनेछ।

१०. थप जानकारीको लागि रक्षा मन्त्रालयको सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखामा सम्पर्क राख्न वा मन्त्रालयको वेबसाइट mod.gov.np मा समेत हेर्न सक्नुहुनेछ।

**थप जानकारीका लागि सम्पर्कः**
शोभा पाण्डे बस्याल
शाखा अधिकृत
९८६०५६२६३०